# महालक्ष्मी राजपत्र

## संख्या ९

## भाग २, खण्ड ८

# महालक्ष्मी नगरपालिका, ललितपुरको

# महालक्ष्मी खेलकुद प्रशिक्षक परिचालन कार्यविधि, २०८१

(नगर कार्यपालिकावाट २०८१/०८/२८ गते स्वीकृत)

प्रकाशन मितिः २०८१/०९/०७

महालक्ष्मी नगरपालिका, नगरकार्यापालिकाको कार्यालयबाट मुद्रित

# महालक्ष्मी खेलकुद प्रशिक्षक परिचालन कार्यविधि, २०८१

**प्रस्तावना**

विद्यालयस्तरदेखि नै बालबालिकाहरुको शारीरिक, मानसिक, वौद्धिक र नैतिक क्षमतायुक्त मानव संसाधनको विकास गरी विभिन्न विधाका खेलहरुमा उच्च, क्षमतावान र योग्य खेलाडी उत्पादन गरी नगरलाई खेलकुदको क्षेत्रमा अब्बल सावित गरी जिल्ला, प्रदेश एवम् र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरी पदकहरु हाँसिल गर्न सहयोग पुऱ्याउने उद्देश्यले महालक्ष्मी नगरभित्र खेलकुदलाई थप व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा महालक्ष्मी नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा ३९ एवम् महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१/०८/२८ मा महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१. यो कार्यविधिको नाम **महालक्ष्मी खेलकुद प्रशिक्षक परिचालन कार्यविधि, २०८१** रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

१.३ यो कार्यविधि महालक्ष्मी नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरु र नगरपालिकाले तोकेकेका खेल र सोसँग सम्बन्धिति सँघसँस्थाहरुको हकमा लागू हुनेछ ।

## परिच्छेद-२

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

२.१ “नगरपालिका” भन्नाले महालक्ष्मी नगरपालिका, ललितपुरलाई जनाउँछ ।

२.२ “प्रमुख” भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ ।

२.३ “उपप्रमुख” भन्नाले महालक्ष्मी नगरपालिकाको नगर उप प्रमुखलाइ जनाउँछ ।

२.४ “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ जनाउँछ ।

२.५ ”प्रमुख शिक्षा अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको शिक्षा युवा तथा खेलकूद शाखाको प्रमुखलाई जनाउँछ ।

२.६ ”वडा अध्यक्ष" भन्नाले महालक्ष्मी नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई जानाउछ ।

२.७ “समिति” भन्नाले महालक्ष्मी नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिलाई जनाउँछ ।

२.८ “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार तथा महालक्ष्मी नगरपालिकाबाट सामुदायिक विद्यालयको रुपमा प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्म अनुमति प्राप्त गरेका विद्यालयलाई जनाउँछ ।

२.९ “क्लव" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई खेलकुद गतिविधि सञ्चालन गर्ने उद्देश्यले निहित क्लबलाई जनाउनेछ ।

२.१० “संघ” भन्नाले जिल्ला खेलकुद विकास समिति, राष्ट्रिय खेलकुद परिषदमा दर्ता भएका खेलकुद संघलाई जनाउँछ ।

२.११ “प्रशिक्षक” भन्नाले यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकलाई जनाउँछ ।

## परिच्छेद–३

## खेलकुद प्रशिक्षक परिचालन सम्बन्धि व्यवस्था

३.१ **खेलकुद प्रशिक्षक परिचालनका आधारहरु:** प्रशिक्षक परिचालन गर्दा देहायका विषयहरुलाई प्रमुख आधारका रुपमा लिइनेछ ।

क. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुदको अवधारणलाई कार्यान्वयनमा ल्याउन विद्यालय तहदेखिनै खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा समावेश गरी खेलमैत्री स्वस्थ्य वातावरणको सिर्जना गर्ने खालका खेल क्षेत्रहरु,

ख. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायतका खेलहरु सहज र व्यवस्थित रुपमा सञ्चालन गर्न

ग. अनुशासित र मर्यादित समाज बनाउन तथा खेलकुद कार्यक्रमलाई स्थानीय तहदेखि नै सञ्चालन गरी “सबैको लागि खेलकुद” भन्ने भावनाको विकास गर्न,

**३.२ खेलकुद प्रशिक्षक परिचालनका क्षेत्रहरुः खेलकुद प्रशिक्षक परिचालनका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।**

क. नगरभित्रका सामुदायिक विद्यालयहरुमा खेलकुद प्रशिक्षण,

ख. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि तयारी तथा सञ्चालन,

ग. जिल्ला खेलकुद विकास समितिसँग आवद्ध खेल सम्बन्धि संघ संस्थाहरु

घ. नगरपालिकाले छनौट गरेको युवा लक्षित खेलकुद सम्बन्धि कार्यक्रमहरु

## परिच्छेद–४

४. **<u>खेलकुद प्रशिक्षक छनौट प्रक्रियाः</u>** खेलकुद प्रशिक्षक छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

**४.१ न्यूनतम् योग्यताः** कुनै पनि व्यक्ति खेलकुद प्रशिक्षकका रुपमा छनौट हुन देहाय बमोजिके योग्यता भएको हुनुपर्नेछ ।

क. मान्यताप्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण

ख. नेपाली नागरिक

ग. २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको

घ. मान्यताप्राप्त स्वास्थ्य संस्थाबाट प्रमाणित गरेको निरोगिताको प्रमाणपत्र

ङ. जिल्ला खेलकुद विकास समिति वा तोकिएको तालिम प्रदान गर्ने सँघ सँस्थाले प्रदान गरेको प्रशिक्षण प्रमाणपत्र

च. राष्ट्रिय तथा अन्तराष्ट्रिय अफिसियल स्तरका खेलकुद प्रतियोगितामा सहभागी भई महत्वपूर्ण स्थान हाँसिल गरेको

४.२ **विशेष योग्यताः** खेलकुद प्रशिक्षकको रुपमा छनौट हुन दफा ४.१. मा उल्लेखित न्यूनतम् योग्यताका अथवा देहाय बमोजिमका विशेष योग्यता भएका उम्मेद्वारलाई प्राथमिकता दिइनेछ ।

क. खेल विज्ञान वा शारीरिक शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरी न्यूनतम् ३ महिने वा सो भन्दा बढि अवधिको खेलकुदसम्बन्धि प्रशिक्षण प्राप्त गरेको ।

४.३ **प्राथमिकताः** महालक्ष्मी नगरपालिकाभित्रका स्थायी बासिन्दा भएमा पहिलो प्राथमिकता दिइनेछ ।

## परिच्छेद ५

५.१ **<u>खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिः</u>** खेलकुद प्रशिक्षक छनौट, परिचालन तथा व्यवस्थापन गर्नका लागि स्थानीय तहस्तरीय देहायबमोजिमका पदाधिकारीहरु रहेको एक खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति रहनेछ ।

क. संयोजकः सामाजिक विकास समिति संयोजक

ख. सदस्यः प्रशासन शाखा प्रमुख

ग. सदस्यः नगरपालिकाले मनोनयन गरेको सम्बन्धित खेल विधाको १ जना विज्ञ

घ. सदस्यसचिवः शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत

५.२ **<u>खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. नगरपालिकाको निर्देशनमा खेलकुद प्रशिक्षकहरुको सूचना प्रकासन, विज्ञापन, दरखास्त आव्हान गर्ने,

ख. उपखण्ड १ बमोजिम प्राप्त हुन आएका दरखास्त फाराम प्रक्रिया पुरा भए/नभएको छानविन गर्ने,

ग. योग्य दरखास्त फारामहरुको अनुसूची १ बमोजिम मूल्याङ्कन गरी नियुक्तिका लागि नगरपालिकालाई सिफारिस गर्ने,

घ. खेलकुद प्रशिक्षकका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

ङ. नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने,

५.३ **खेलकुद प्रशिक्षकको शर्त, सुविधाः** यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकको शर्त सुविधा देहाय बमोजिम हुनेछन् ।

क. खेलकुद प्रशिक्षकलाई निम्न माध्यमिक तह तृतीय श्रेणीको शिक्षकको शुरु तलव स्केल बराबरको तलव भत्ता, १ महिनाबराबरको चाडपर्व खर्च, अन्य कर्मचारी सरहको पोशाक खर्चवापतको रकम उपलब्ध गराइनेछ ।

ख. खेलकुद प्रशिक्षक बढीमा ६ महिनाका लागि करार सम्झौताका आधारमा परिचालन गरिनेछन् ।

ग. प्रत्येक ६ महिनाको प्रगति अनुसार नविकरण गर्न सकिनेछ । राम्रो कार्य सम्पादन गर्ने प्रशिक्षकलाई विशेष प्राथमिकता दिइनेछ ।

घ. प्रशिक्षकले सेवाबाट अलग हुन चाहेमा एक महिना अगावै समितिलाई जानकारी गराउनु पर्नेछ ।

ङ. समितिलाई प्रशिक्षकको काम सन्तोषजनक नलागेमा तत्काल समितिको निर्णयबाट करार संझौता भंग गरी सेवाबाट निष्कासन गर्न सक्नेछ ।

५.४ **खेलकुद प्रशिक्षकको आचार संहिताः** खेलकुद प्रशिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

क. खेलकुद प्रशिक्षकले राजनैतिक क्रियाकलापमा संलग्न हुनुहुँदैन र कार्य सम्पादन गर्दा आफ्नो राजनैतिक प्रभाव पर्न दिनुहुँदैन ।

ख. खेलकुद प्रशिक्षकले आफूलाई दिइएको जिम्मेवारी इमान्दारितापूर्वक पुरा गर्नुपर्नेछ ।

ग. प्रशिक्षकको लागि तोकिएको निर्वाह भत्ता तथा निर्णय गरेर उपलब्ध गराइएको सुविधा बाहेक प्रशिक्षकले कुनै संघ, संस्था वा व्यक्तिबाट कुनै पनि सुविधा लिन पाइने छैन ।

घ. खेलकुद प्रशिक्षकले अनुशासित भइ शिष्ट र विधिसम्मत व्यवहार अवलम्बन गर्दै आफूलाई आदर्शवान् र नमूना पात्रको रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

ङ. खेलकुद प्रशिक्षकले सामाजिक सद्भाव र शान्ति व्यवस्था तथा वातावरणीय अनुकूलतामा खलल् पुर्‍याउने कार्य गर्न पाइने छैन ।

च. खेलकुद प्रशिक्षकले नगरपालिका, जिल्ला, प्रदेश वा राष्ट्रको बृहत्तर हितमा आघात पुग्ने गरी कुनै पनि कार्य गर्न पाइने छैन ।

छ. खेल प्रशिक्षणका क्रियाकलापमा खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको निर्देशन पालना गर्नुपर्नेछ ।

ज. खेलकुद प्रशिक्षक महालक्ष्मी नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिसँग उत्तरदायी हुनुपर्नेछ ।

## परिच्छेद-६

## विविध

६.१ **खेलकुद प्रशिक्षकको अनुगमनः** परिचालन गरिएको खेलकुद प्रशीक्षकले गरेको कार्यहरुको अनुगमन खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति वा उक्त समितिले खटाएको व्यक्तिहरुबाट गरिनेछ ।

६.२ **खेलकुद प्रशिक्षकलाई आवश्यक निर्देशनः** खेलकुद प्रशिक्षकलाई रिपोर्टिङ्गको आधारमा आवश्यक देखेमा खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले निर्देशन दिन सक्नेछ ।

६.३ **आर्थिक व्यवस्थापनः** महालक्ष्मी नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले तोकेको खेलमध्ये आवश्यकताका आधारमा खेलकुद प्रशिक्षक नियुक्त गर्न सकिनेछ साथै खेलकुद प्रशिक्षकको सेवा सुविधा महालक्ष्मी नगरपालिकाबाट भुक्तान गरिनेछ ।

६.४. <u>बाधा अड्काउ फुकाउः</u> यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइ परेमा महालक्ष्मी नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले फुकाउन सक्नेछ ।

६.५ <u>कार्यविधि संशोधनः</u>

यस कार्यविधिमा नगरकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसूची १

**उम्मेद्वारको योग्यता मूल्याङ्कनका आधार**

| क्रसं | मूल्याङ्कनका आधार | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | **शैक्षिक योग्यता** | **१०** | |
| | क. न्यूनतम् शैक्षिक योग्यता | प्रथम ६,<br>द्वितीय ५,<br>तृतीय ४ | |
| | ख. माथिल्लो शैक्षिक योग्यता | प्रथम ४,<br>द्वितीय ३,<br>तृतीय २ | |
| २ | **व्यवहारिक पक्ष** | **४०** | |
| | क. खेल विज्ञान सम्बन्धि ज्ञान, सीप (प्रशिक्षकका रुपमा तालिम/विद्यालय खेलकुद प्रशिक्षक लाइसेन्स प्राप्त, पूर्व खेलाडी) र अभिवृत्ति | १० | |
| | ख. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलाइने खेलको प्रशिक्षक भएमा | १० | |
| | ग. खेल प्रशिक्षण व्यवस्थापन | ५ | |
| | घ. स्थानीय वासिन्दा | १० | |
| | ङ. विशेष योग्यता | ५ | |
| ३ | **अन्तर्वार्ता** | **२५** | |
| | क. शारीरिक तन्दुरुस्ती | ५ | |
| | ख. विनम्रता | ५ | |
| | ग. स्वयंसेवी भावना | ५ | |
| | घ. समसामयिक विषयवस्तुको ज्ञान | ५ | |
| | ङ. प्रस्तुतीकरण | ५ | |
| | **कुल** | **७५** | |

अनुसूची-२

**<u>सम्झौताको ढाँचा</u>**

**महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ललितपुर र खेल प्रशिक्षक बीच गरिएको आपसी सम्झौता ।**

लिखितम् हामी तपशील पक्षहरु आगे महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ललितपुर (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र .....................................गाउँपालिका/नगरपालिका/ महानगरपालिका बस्ने वर्ष ................को श्री .........................................(यसपछि दोस्रो पक्ष भनिनेछ) का बीच मिति ....................................मा भएको सम्झौता पत्र ।

**१. दोस्रो पक्षले गर्नुपर्ने मूख्य-मूख्य कार्यको विवरणः-**

क. आफूलाई खटाइएको क्षेत्र अन्तर्गतका विद्यालयहरु, खेल स्थल वा वडामा गई खेलकुद प्रशिक्षण उपलब्ध गराउने ।

ख. प्रशिक्षण उपलब्ध गराउँदा उक्त क्षेत्रमा योग्य खेलाडीहरु उत्पादन गर्न सक्ने उच्च सम्भावना भएका खेललाई विशेष प्राथमिकता दिने ।

ग. किशोर किशोरीहरुमा धेरै भन्दा धेरै खेलको जानकारी गराई खेल अनुशासनको विकास गराउने ।

घ. विभिन्न निकायहरुबाट सञ्चालित खेलकुद कार्यक्रममा सहभागिताका लागि किशोर किशोरीहरुलाई उत्प्रेरित गर्ने ।

ङ. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायतका अन्य खेलहरुको तयारी र सञ्चालन गर्ने,

च. महालक्ष्मी नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति वा उक्त समितिले तोकेको व्यक्तिले दिएको निर्देशनको पालना गर्ने,

छ. आफूले प्रदान गरेको प्रशिक्षणका बारेमा तोकिएको ढाँचामा विवरण भरि मासिक रुपमा समितिमा पठाउने,

२. बुँदा नं. १ मा उल्लेखित सेवा उपलब्ध गराए बापत प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने सेवा सुविधाहरु देहाय बमोजिम हुनेछन् ।

क. प्रथम पक्षले दोस्रो पक्षलाई मासिक रुपमा सेवा सुविधा वापत रु. ..................उपलब्ध गराउने छ ।

ख. दोसो पक्षले अन्य कर्मचारीलाई तोकिएको कार्य समय अनुसार तोकिएको निकायमा हाजिर भई प्रथम पक्षले उपलब्ध गराएको हाजिर खातामा हाजिरी गरी काम गर्नुपर्नेछ।

ग. उक्त हाजिरी प्रमाणित भएपछि मात्र सेवा सुविधा भुक्तानी हुनेछ ।

३. दोस्रो पक्षले आफ्नो क्षेत्रमा रहन आउने प्रथम पक्षको चल अचल सम्पत्तिको हिफाजत साथ प्रयोग गरी कार्य सम्पन्न पश्चात् प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

४. दोस्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षले तुरुन्त निर्णय पारीत गरी सम्झौता भंग गर्न सक्नेछ ।

५. यो सम्झौता मितिः ...................देखि ...........................सम्म कायम रहनेछ ।

६. प्रथम पक्षलाई हानी हुने कार्य गरेमा वा सम्झौता विपरीत कार्य गरेमा जुनसुकै बेला करार भंग गर्न सकिनेछ । हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति कानून बमोजिम असुल उपर गर्न यो सम्झौताले बाधा पुऱ्याउने छैन ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| रोहवर | |
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| कार्यालयको छापः | कार्यालयको छाप |

इति सम्बत २०......... साल ...........महिना.......... गते रोज......... शुभम् ।

प्रमाणीकरण मिति :२०८१/०९/०१

आज्ञाले,
चिरञ्जीवी पौडेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका, ललितपुर
मूल्यः रु. ५/- मुद्रणः २०० प्रति